# सास फेर्न पाउने अधिकारको सामुदायिक स्कोरकार्डः क्षयरोग र मानव अधिकार

**स्कोरिङ परिभाषा**

| | | |
|---|---|---|
| न⁄ अ लागु हुँदैन | ३ औसत भन्दा ठिकै तल | ७ औसत भन्दा ठिकै माथि |
| ० छैन⁄अवस्थित छैन | ४ औसत भन्दा तल | ८ राम्रो |
| १ अत्ति नराम्रो | ५ ठिकै⁄ कहिले काहि | ९ धेरै राम्रो |
| २ नराम्रो | ६ औसत भन्दा थोरै माथि | १० उत्कृष्ट |

**लक्ष्यः क्षयरोग प्रभावित समुदायहरूलाई केन्द्रमा राखी एशिया-प्यासिफिकमा थप अधिकार आधारित क्षयरोग सम्बन्धि प्रतिक्रियाहरु रूपान्तरण गर्ने ।**

**उद्देश्य १ः क्षयरोग प्रभावित समुदायहरूमा, क्षयरोग संक्रमण र रोगका साथै मानवअधिकारबारे ज्ञान र जनचेतना अभिवृद्धि गर्ने ।**

**संयुक्त राष्ट्रहरू उच्चस्तरीय बैठकका सहमतिहरु :**

प१४ः सबै क्षयरोग प्रभावितहरुको लागी एकीकृत जन-केन्द्रित रोकथाम, निदान, सफल उपचार, साइड इफेक्टहरूको व्यवस्थापन, र हेरचाह्का साथै लालछना र भेदभाव कम गर्नका लागि मनोसामाजिक, पोषण, सामाजिक र आर्थिक सहयोग आवश्यक छ भन्ने कुरमा जोड दिएको छ ।

प३८ः गरिब, जोखिममा परेका, शिशु, साना बालबालिका र किशोरकिशोरीहरू, साथै वृद्धवृद्धा र विशेष गरी क्षयरोगबाट प्रभावित र जोखिममा रहेका समुदायहरूलाई सामाजिक समावेशीकरणको सिद्धान्त अनुसार विशेष ध्यान दिने प्रतिबद्धता साथै क्षयरोग प्रतिक्रियाको योजना, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा नागरिक समाज र प्रभावित समुदायहरूको बलियो र अर्थपूर्ण संलग्नता गराउने प्रतिबद्धता गरेको छ ।

**प्रक्रिया सुचकहरु :**

| प्रक्रिया प्रश्नहरू | स्कोर | प्रक्रिया प्रश्नहरू | स्कोर | प्रक्रिया प्रश्नहरू | स्कोर |
|---|---|---|---|---|---|
| **क्षयरोगमा जानकारीहरुको गुणस्तर** | | **क्षयरोग प्रभावित व्यक्तिहरूको अधिकार बारे जानकारीको गुणस्तरता** | | **क्षयरोग प्रभावित व्यक्तिहरूमा मानव अधिकारबारे साक्षरता** | |
| १ क्षयरोगबारे सार्वजनिक जानकारीहरु कत्तिको पहुँचयोग्य छन? | | ४ क्षयरोग प्रभावित व्यक्तिहरूको अधिकार (जस्तै बिरामी अधिकार) बारे सार्वजनिक जानकारी कत्तिको पहुँचयोग्य छ? | | ७ क्षयरोग र क्षयरोगबाट प्रभावित व्यक्तिहरूको अधिकार सम्बन्धी साक्षरता तालिमहरू कत्तिको पहुँचयोग्य छन् ? | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ क्षयरोगबारे पाईने सार्वजनिक जानकारीहरु कत्तिको प्रभावकारी (वा उपयोगी) छन ? | | ५ क्षयरोग र क्षयरोगबाट प्रभावित व्यक्तिहरूको अधिकार सम्बन्धी सार्वजनिक जानकारीहरु कत्तिको प्रभावकारी (वा उपयोगी) छन ? | | ८ क्षयरोग र क्षयरोगबाट प्रभावित व्यक्तिहरूको अधिकार सम्बन्धी साक्षरता तालिमहरू कत्तिको प्रभावकारी (वा उपयोगी) छन ? | |
| ३ क्षयरोग प्रभावित समुदायहरू क्षयरोग सम्बन्धी सार्वजनिक जानकारीको सामग्रीहरु उत्पादन र डिजाइनमा कत्तिको संलग्न छन ? | | ६ क्षयरोग प्रभावित समुदायहरू क्षयरोग प्रभावित व्यक्तिहरूको अधिकार सम्बन्धी सार्वजनिक जानकारीको सामग्रीहरु उत्पादन र डिजाइनमा कत्तिको संलग्न छन ? | | ९ क्षयरोग प्रभावित समुदायहरू, क्षयरोग र क्षयरोगबाट प्रभावित व्यक्तिहरूको अधिकार सम्बन्धी साक्षरता तालिमको सामग्रीहरु उत्पादन र डिजाइनमा कत्तिको संलग्न छन ? | |

## उद्देश्य २: क्षयरोग र मानव अधिकार बारेमा कानूनी समुदाय र निजी स्वास्थ्य सेवा क्षेत्रको क्षमतालाई सुदृढ गर्ने ।

### संयुक्त राष्ट्रहरू उच्चस्तरीय बैठकका सहमतिहरु :

प१८: क्षयरोग रोकथाम, निदान र उपचार सेवाहरूमा विभिन्न सामाजिक साँस्कृतिक बाधाहरू पहिचान गरी , विशेषत कमजोर अवस्थामा भएकाहरुलाई ध्यानमा राखी मानव अधिकार आधारित एकीकृत, जन-केन्द्रित, समुदाय-आधारित र लैङ्गिक-उत्तरदायी स्वास्थ्य सेवाहरू विकास गर्न आवश्यक छ ।

प३३: क्षयरोगलाई सम्बोधन गर्ने समानता, नैतिकता, लैङ्गिक समानता र मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने मार्गहरु मार्फत समुदाय आधारित स्वास्थ्य सेवाहरू विकास गर्ने प्रतिबद्धता गरेको छ ।

### प्रक्रिया सुचकहरु :

| **प्रक्रिया प्रश्नहरू** | **स्कोर** | **प्रक्रिया प्रश्नहरू** | **स्कोर** |
|---|---|---|---|
| **कानूनी सेवाहरूको उपलब्धता र गुणस्तर** | | **क्षयरोग सम्बन्धी स्वास्थ्य सेवाको गुणस्तर** | |
| १० क्षयरोग र क्षयरोगबाट प्रभावित व्यक्तिहरूलाई कानुनी सेवाहरू कत्तिको उपलब्ध छन ? | | १५ क्षयरोग र क्षयरोगबाट प्रभावित व्यक्तिहरूका लागि क्षयरोग सम्बन्धी स्वास्थ्य सेवाहरू कत्तिको पहुँचयोग्य छन ? | |
| ११ क्षयरोग र क्षयरोगबाट प्रभावित व्यक्तिहरूलाई कानुनी सेवा प्रदान गर्नेहरु कत्तिको जन-केन्द्रित छन ? | | १६ क्षयरोग स्वास्थ्यसेवा प्रदायकहरू, क्षयरोग र क्षयरोगबाट प्रभावित व्यक्तिहरूप्रति कत्तिको जन-केन्द्रित छन ? | |

| | | | |
|---|---|---|---|
| | | | |
| १२ क्षयरोग र क्षयरोगबाट प्रभावित व्यक्तिहरूलाई प्रदान गरिने कानुनी सेवाहरू कत्तिको प्रभावकारी (वा उपयोगी) छन ? | | १७ क्षयरोग र क्षयरोगबाट प्रभावित व्यक्तिहरूलाई प्रदान गरिने क्षयरोग स्वास्थ्य सेवाहरू कत्तिको समयमै उपलब्ध गराइन्छ? | |
| १३ क्षयरोग र क्षयरोगबाट प्रभावित व्यक्तिहरूलाई प्रदान गरिने कानुनी सेवाहरू कत्तिको समयमै उपलब्ध गराइन्छ? | | १८ क्षयरोग र क्षयरोगबाट प्रभावित व्यक्तिहरू आफ्ना साथीहरूलाई क्षयरोग सम्बन्धि स्वास्थ्य सेवाहरू उपलब्ध गराउनमा कत्तिको संलग्न छन ? | |
| १४ क्षयरोग र क्षयरोगबाट प्रभावित व्यक्तिहरू आफ्ना साथीहरूलाई कानुनी सेवाहरू उपलब्ध गराउनमा कत्तिको संलग्न छन ? | | १९ क्षयरोग सम्बन्धि स्वास्थ्य सेवाहरू राष्ट्रिय स्वास्थ्य स्तरमा कत्तिको एकीकृत गरीएको छ ? | |

## उद्देश्य ३: मानव अधिकारमा आधारित क्षयरोग वकालतका लागि वातावरण सिर्जना गर्ने ।

### संयुक्त राष्ट्रहरू उच्चस्तरीय बैठकका सहमतिहरु :

प१७: क्षयरोगको उन्मूलन सम्भव बनाउनको लागि, प्राथमिकतामा, उपयुक्त रूपमा, विशेष गरी समुदाय र नागरिक समाजको संलग्नता र गैर-भेदभावपूर्ण तरिकाले, उच्च जोखिम समूहहरू र अन्य जोखिममा परेका वा जोखिममा रहेका व्यक्तिहरू, जस्तै- महिला र बालबालिका, आदिवासी जनजाति, स्वास्थ्य सेवाकर्मी, आप्रवासी, शरणार्थी, आन्तरिक रूपमा विस्थापित व्यक्तिहरू, जटिल आपतकालिन अवस्थामा बाँचिरहेका व्यक्तिहरू, कैदीहरू, एचआईभी सङ्क्रमित व्यक्तिहरू, लागूऔषध प्रयोगकर्ता, खानीमा काम गर्नेहरू र सिलिकाको सम्पर्कमा आएकाहरू, शहरी र ग्रामीण गरिब, सेवाविहीन जनसंख्या, कुपोषित व्यक्तिहरू, खाद्य असुरक्षाको सामना गर्ने व्यक्तिहरू, जातीय अल्पसंख्यकहरू, बोवाइन क्षयरोगको जोखिममा रहेका व्यक्ति र समुदायहरू, मधुमेह भएका व्यक्तिहरू, मानसिक र शारीरिक अपाङ्गता भएका व्यक्तिहरू, मदिरा सेवनसम्बन्धी विकार भएकाहरू, सुर्तीजन्य पदार्थ प्रयोगकर्ता र पुरुषहरूमा क्षयरोगको उच्च प्रकोपलाई मान्यता दिने।

प३७: क्षयरोग भएका व्यक्तिहरू विरुद्ध हुने भेदभाव अन्त्य गर्न भेदभावपूर्ण कानून, नीति र कार्यक्रमहरू हटाउने र सबै प्रकारका भेदभावहरूको अन्त्य गर्न समर्थन गर्ने प्रतिबद्धता

### प्रक्रिया सुचकहरु :

| **प्रक्रिया प्रश्नहरू** | **स्कोर** |
|---|---|
| **उपचार सम्बन्धि साक्षरता:** | |
| २० क्षयरोग सम्बन्धि हुने छुवाछुत र भेदभाव अन्त्य गर्न राष्ट्रिय स्तरका क्षयरोग कार्यक्रमहरु जस्तै भेदभावकारी कानून, नीति र कार्यक्रमहरू हटाउन कत्तिको लक्षित छन? | |
| २१ राष्ट्रिय क्षयरोग कार्यक्रम क्षयरोगबाट प्रभावित समुदाय र क्षयरोगबाट बाचेकाहरूसँग कत्तिको संलग्नता छ? | |
| २२ राष्ट्रिय क्षयरोग रणनीति क्षयरोगबाट प्रभावित समुदायहरूद्वारा सञ्चालित वा नेतृत्व गरिएका गतिविधिहरूमा समर्थन वा लगानी गर्न कत्तिको समावेशी छ? | |

**उद्देश्य ४: डब्लुएचओको मार्गनिर्देशिकाहरुलाई तुरुन्त राष्ट्रिय मार्गनिर्देशिकामा रूपान्तरण गर्न, र औषधिहरूको पहुँचमा भयेका अवरोधहरू सम्बोधन गर्ने पहलहरूलाई समर्थन गर्ने ।**

**संयुक्त राष्ट्रहरू उच्चस्तरीय बैठकका सहमतिहरु :**

जनस्वास्थ्य प्रवर्द्धन गर्न र विशेष गरी, सबैका लागि औषधिमा पहुँच प्रवर्द्धन गर्न, जेनेरिक सहित सस्तो क्षयरोग उपचारमा पहुँच बढाउने र औषधिहरूमा पहुँच प्रवर्द्धन गर्ने प्रतिबद्धता गरेको छ ।

**प्रक्रिया सुचकहरु :**

| **प्रक्रिया प्रश्नहरू** | **स्कोर** | **प्रक्रिया प्रश्नहरू** | **स्कोर** |
|---|---|---|---|
| **उपचार सम्बन्धि साक्षरता:** | | **क्षयरोगको औषधि र उपचारमा पहुँच:** | |
| २३ क्षयरोग र क्षयरोगबाट प्रभावित व्यक्तिहरूलाई उपचार साक्षरता सम्बन्धी तालिमहरू कत्तिको पहुँचयोग्य छन? | | २६ राष्ट्रिय क्षयरोग कार्यक्रम क्षयरोगको औषधि सहुलियत बनाउनको लागि आवस्यक पर्ने समर्थन गतिविधिहरू जस्तै वकालत र कार्यान्वयन गर्नमा कत्तिको प्रभावकारी छ? | |
| २४ क्षयरोग र क्षयरोगबाट प्रभावित व्यक्तिहरूलाई उपचार साक्षरता सम्बन्धी तालिमहरू कत्तिको प्रभावकारी (वा उपयोगी) छन? | | २७ राष्ट्रिय क्षयरोग रणनीति ,क्षयरोगको औषधि सहुलियत बनाउनको लागि प्रणालीगत बाधाहरू पहिचान गर्न र हटाउन कत्तिको उत्तरदायी छ? | |
| २५ क्षयरोगबाट प्रभावित समुदायहरू क्षयरोग र क्षयरोगबाट प्रभावित व्यक्तिहरूका लागि उपचार साक्षरता सम्बन्धी प्रशिक्षणको सामग्रीहरु उत्पादन र डिजाइनमा कत्तिको संलग्न छन ? | | २८ औषधिहरुको सस्तो पहुँचलाई प्रवर्द्धन गर्ने लक्ष्य राखेर क्षयरोगबाट प्रभावित समुदायले गर्ने गतिविधिहरूमा राष्ट्रिय क्षयरोग रणनीति समर्थन वा लगानी गर्न कत्तिको समावेशी छ? | |